# सिईडिबि हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेड
## सञ्चालक निर्वाचन सम्बन्धी निर्देशिका, २०८१

प्रस्तावना:

सिईडिबि हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेडको नियम २७ बमोजिम सञ्चालक समितिमा कम्पनीको ५ जना सञ्चालकहरुको निर्वाचनको लागी सिईडिबि हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेडको नियमावलीको नियम २७ (६) ले दिएको अधिकार प्रयोग गरी सिईडिबि हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेडको सञ्चालक समितिले यो "सञ्चालक निर्वाचन सम्बन्धी निर्देशिका, २०८१" बनाई लागू गरेको छ।

परिच्छेद - १

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ :

(क) यस निर्देशिकाको नाम सिईडिबि हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेड "सञ्चालक निर्वाचन सम्बन्धी निर्देशिका, २०८१" रहेको छ।

(ख) यो निर्देशिका सञ्चालक समितीको बैठकले पारित गरे पश्चात तुरुन्त लागू हुनेछ।

२. परिभाषा :

बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) "ऐन" भन्नाले "कम्पनी ऐन, २०६३" वा सो को संशोधन समेतलाई सम्झनु पर्छ।

(ख) "कम्पनी" भन्नाले सिईडिवि हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेड लाई सम्झनु पर्छ।

(ग) "सञ्चालक समिति" भन्नाले कम्पनीको सञ्चालक समिति लाई सम्झनु पर्छ।

(घ) "अध्यक्ष" भन्नाले सञ्चालक समितिको अध्यक्षलाई सम्झनु पर्छ।

(ङ) "सञ्चालक" भन्नाले संचालक समितिको सदस्य लाई सम्झनु पर्छ र सो शव्दले अध्यक्ष र वैकल्पिक सञ्चालक समेतलाई जनाउंछ।

(च) "शेयर" भन्नाले कम्पनीको चुक्ता पुंजीको विभाजित अंश समेतलाई सम्झनु पर्छ।

(छ) "शेयरधनी" भन्नाले कम्पनीको शेयर खरिद गर्ने व्यक्ति वा संस्था सम्झनु पर्छ।

(ज ) "निर्वाचन" भन्नाले यस निर्देशिका बमोजिम सञ्चालकको निर्वाचन सम्झनु पर्छ।

(झ) "मतद्राता" भन्नाले यस निर्देशिकाको निर्देशन नं. ६ मा उल्लेख भए बमोजिमको मतदाता सम्झनु पर्छ।

(ञ) "उम्मेदवार" भन्नाले यस निर्देशिकाको निर्देशन नं. १० मा उल्लेख भए बमोजिमको उम्मेदवार सम्झनु पर्छ।

(ठ) "सचिव" भन्नाले कम्पनीको सञ्चालक समितिको सचिव भै काम गर्ने व्यक्तिलाई सम्झनु पर्छ र सो शव्दले कम्पनी सचिव समेतलाई जनाउँदछ।

(ड) "निर्वाचन अधिकृत" भन्नाले कम्पनीको सञ्चालक समितिले यस निर्देशिकाको निर्देशन नं. ३ बमोजिम नियुक्त गरेको निर्वाचन अधिकृत लाई सम्झनु पर्छ।

CEDB HYDROPOWER DEVELOPMENT COMPANY LTD. CHDC KATHMANDU, NEPAL

(ढ) "सहायक निर्वाचन अधिकृत" भन्नाले निर्वाचन अधिकृतले यस निर्देशिकाको निर्देशन नं. ३ बमोजिम नियुक्त गरेको सहायक निर्वाचन अधिकृत सम्झनु पर्छ।

(ण) "कर्मचारी" भन्नाले निर्वाचन कार्यको लागि खटिएका कर्मचारीलाई सम्झनु पर्छ।

(त) "मतदान केन्द्र" भन्नाले निर्वाचन अधिकृतले यस निर्देशिकाको निर्देशन नं. १८ बमोजिम मतदान गर्नको लागि तोकेको स्थानलाई सम्झनु पर्छ।

(थ) "अनुसूची" भन्नाले यस निर्देशिकामा उल्लेखित अनुसूचीलाई सम्झनु पर्छ।

(द) "प्रतिनिधि (प्रोक्सी)" भन्नाले मतदानको अधिकार पाएको कम्पनीको शेयरधनी साधारण सभामा स्वयं उपस्थित हुन नसक्ने भएमा निजले आफ्नो प्रतिनिधिद्वारा मतदान गर्न रीतपूर्वक प्रतिनिधि नियुक्त गरेको व्यक्ति सम्झनु पर्छ।

(ध) "संरक्षक" भन्नाले कम्पनीको नाबालक शेयरधनीको हकमा निजको संरक्षक भनी शेयरधनीहरुको दर्ता किताबमा नाम दर्ता भएको व्यक्ति सम्झनु पर्छ।

(न) "साधारण सभा" भन्नाले कम्पनीको शेयरधनीहरुको वार्षिक साधारण र विशेष साधारण सभा समेत सम्झनुपर्छ।

## परिच्छेद - २
## निर्वाचन अधिकृत

३. निर्वाचन अधिकृतको नियुक्ति :

(क) कम्पनीको सञ्चालक समितिमा सञ्चालकको निर्वाचन गर्ने, गराउने प्रयोजनका लागी कम्पनीको काम संग सम्बन्ध नरहेका निष्पक्ष व्यक्तिलाई सञ्चालक समितिले वा समितिले गठन गरेको उपसमितिले निर्वाचन अधिकृतमा नियुक्त गर्नेछ। निजको पारिश्रमिक/सुबिधा सञ्चालक समितिले वा सो समितिले गठन गरेको उपसमिति वा व्यवस्थापनले तोके बमोजिम हुनेछ।

(ख) निर्वाचन सम्बन्धी कार्यमा निर्वाचन अधिकृतलाई सहयोग पुऱ्याउन आवश्यकता अनुसार निर्वाचन अधिकृतले एक वा एक भन्दा बढी सहायक निर्वाचन अधिकृत, मतदान अधिकृत तथा अन्य कर्मचारीहरु समेत नियुक्त गर्न सक्नेछ।

(ग) निर्वाचन अधिकृतले कम्पनीका कर्मचारीहरुलाई निर्वाचनको काममा आवश्यकता अनुसार खटाउन सक्नेछ।

(घ) निर्वाचन अधिकृतले सहायक निर्वाचन अधिकृत, मतदान अधिकृत तथा अन्य कर्मचारीहरुलाई आवश्यकता अनुसार आफ्नो सबै वा केहि अधिकार प्रत्यायोजन गर्न सक्नेछ। मनोनयन पत्र जाँच्ने, सदर वा बदर गर्ने वा खारेज गर्ने वा मत परिणाम घोषणा गर्ने काम प्रत्यायोजन गर्न सक्नेछ।

(ङ) खण्ड (ग) अनुसार कम्पनीका कर्मचारीहरुलाई निर्वाचन सम्बन्धी काममा खटाउनु परेमा कम्तीमा २४ घण्टा अगावै कम्पनीको व्यवस्थापनको प्रमुखलाई लिखित सूचना दिनुपर्नेछ।

(च) निर्वाचन अधिकृतले निर्वाचन प्रयोजनको लागि आवश्यकता अनुसार निर्वाचन कार्यालय आफै तोक्ने छ।

(छ) निर्वाचन अधिकृतले निर्वाचन गराउनको लागि अन्य आवश्यक कार्यविधि आफै बनाई लागु गर्न सक्नेछ।

(ज) यस निर्देशिकामा समावेश अनुसुचीहरुमा दिइएको ढाँचा (Format) आवश्यकता अनुसार निर्वाचन अधिकृतले हेरफेर गर्न सक्नेछ।

CEDB HYDROPOWER DEVELOPMENT COMPANY LTD. CHDC KATHMANDU, NEPAL

४. निर्वाचन अधिकृतको काम कर्तव्य :

यस निर्देशिका बमोजिम निष्पक्ष तथा स्वतन्त्र रुपले कम्पनीको सञ्चालकको निर्वाचन सम्बन्धी सम्पूर्ण कार्य गर्नु गराउनु निर्वाचन अधिकृतको कर्तव्य हुनेछ ।

## परिच्छेद - ३
## निर्वाचन कार्यक्रमको सूचना

५. निर्वाचन कार्यक्रमको सूचना :

(क) निर्वाचन-सम्बन्धी कार्यक्रम निर्वाचन अधिकृतले तोके अनुसार हुनेछ । निर्वाचन सम्बन्धी सबै सूचना तथा जानकारी निर्वाचन अधिकृतको कार्यालयमा राखिनेछ । त्यसरी दिइएको सूचना तथा जानकारी सम्पूर्ण शेयरधनीहरुलाई रितपूर्वक प्रदान गरिएको मानिनेछ।

(ख) कुनै शेयरधनीलाई निर्वाचन कार्यक्रमसँग सम्बन्धित सूचना वा जानकारी आवश्यक परेमा निर्वाचन अधिकृत समक्ष माग गर्न सक्नेछ । कानुन बमोजिम निर्वाचन अधिकृतले त्यस्तो सूचना वा जानकारी सम्बन्धित शेयरधनीलाई उपलब्ध गराउनेछ।

## परिच्छेद - ४
## मतदाता

६. मतदाता :

(क) कम्पनीले सञ्चालकको निर्वाचन प्रयोजनको लागि बन्द गरेको शेयरधनी दर्ता पुस्तिकामा नाम दर्ता भएका र शेयरको माग भएको सम्पूर्ण रकम चुक्ता गरेको शेयरधनी मतदाता हुनेछन् ।

(ख) मतदानको अधिकार पाएका शेयरधनी मतदानमा स्वयम् उपस्थित हुन नसक्ने भएमा निजले आफ्नो प्रतिनिधिद्वारा मतदान गर्न अनुसूची-४ बमोजिमको प्रोक्सी फारम सहीछाप गरी आफ्नो प्रतिनिधि मनोनित गर्न सक्नेछ र त्यसरी मनोनित भएको प्रतिनिधिले मतदान गर्न पाउनेछ । प्रोक्सी मार्फत् मतदान गर्न पाउने शेयरधनीको विशेष अधिकार भएकोले ढाँचा नमिलेको, सामान्य व्योहोरा फरक परेको लगायतका सामान्य त्रुटी भएको कारण देखाई सामान्यतया: कुनै प्रोक्सी फाराम अमान्य गरिने छैन ।

(ग) संगठित संस्था शेयरधनी भएको हकमा संस्थाले नियुक्त गर्ने प्रोक्सीमा सो कम्पनीको छाप र आधिकारीक व्यक्तिको हस्ताक्षर भएको हुनुपर्नेछ। प्राकृतिक व्यक्तिले नियुक्त गर्ने प्रोक्सी कम्पनीको शेयरधनी हुनुपर्नेछ तर संगठित संस्थाले नियुक्त गर्ने प्रोक्सी कम्पनीको शेयरधनी हुनु आवश्यक छैन ।

(घ) प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्दा सम्पूर्ण शेयरको प्रतिनिधि एकै व्यक्तिलाई (शेयर बिभाजन नहुने गरी) प्रोक्सी नियुक्त गर्नु पर्दछ । शेयर विभाजन गरेर दिइएको प्रोक्सी स्वत: बदर हुनेछ । एकै शेयरधनीले एक भन्दा बढी प्रोक्सी नियुक्त गरेको अवस्थामा पहिलो दर्ता हुने प्रोक्सी मान्य हुने छ । त्यसपछि आउने प्रोक्सी स्वत: बदर वा अमान्य हुनेछ ।

(ङ) एक जना भन्दा बढी वा साझा गरी शेयर लिएको शेयरधनीले सञ्चालकको पदमा उम्मेदवारी दिन वा मतदान गर्न चाहेमा शेयर प्रमाणपत्रमा उल्लेख भएका अन्य शेयरधनीको मन्जुरीनामा वा सर्वसम्मतिबाट प्रतिनिधी मुकरर गरिएको प्रमाण पेश गर्नु पर्ने छ । अन्यथा शेयरवालाको लगत कितावमा पहिलो नाम उल्लेख भएको व्यक्तिले मात्र अधिकार प्रयोग गर्न सक्ने छ ।

(च) नाबालक तथा मानसिक सन्तुलन ठीक नभएको शेयरधनीको हकमा निजको संरक्षक वा संरक्षकले तोकेको प्रतिनिधिले सभामा भाग लिन तथा मतदानमा भाग लिन पाउनेछ।

CEDB HYDROPOWER DEVELOPMENT COMPANY LTD. CHDC KATHMANDU, NEPAL

(छ) शेयरधनी वा प्रतिनिधि (प्रोक्सी) वा शेयरधनीको संरक्षकको दस्तखत भिडाई दस्तखत दुरुस्त भएमा मात्र मतदान गर्न दिइनेछ।

(ज) सभामा शेयरधनी स्वयं उपस्थित भएमा उक्त मुकरर गरिएको प्रतिनिधि (प्रोक्सी) स्वतः बदर हुनेछ तर प्रोक्सी नियुक्त व्यक्तिले निर्वाचन अधिकृतबाट मतपत्र बुझिलिए पश्चात् भने मतदान गर्ने अधिकार प्रोक्सी नियुक्त व्यक्ति को नै हुनेछ ।

(झ) सभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्दा आफ्नो कायम शेयर संख्या भन्दा बढी उल्लेख भएमा प्रोक्सी बदर गरिनेछ तर कायम शेयर संख्या भन्दा कम उल्लेख भएमा प्रोक्सीमा उल्लेख गरिएको शेयर संख्यालाई मात्र मान्यता दिइनेछ ।

(ञ) कम्पनीको प्रोक्सी आधिकारिक इमेल ठेगाना वा अन्य विद्युतीय सञ्चारमाध्याबाट इलेक्ट्रोनिक रुपमा समेत पठाउन पाइनेछ ।

७. <u>मतदाता नामावली (शेयरधनीको विवरण) प्रकाशन</u> :

(क) निर्वाचन अधिकृतले निर्वाचन कार्यक्रम प्रकाशित भएपछि कम्पनीले उपलब्ध गराएको शेयरधनीहरुको लगतको आधारमा सञ्चालकको निर्वाचनमा भाग लिन पाउने मतदाता शेयरधनीको नाम, निजले लिएको शेयर संख्या, उल्लेख गरी अनुसूची नं. २ बमोजिम मतदाता नामावली प्रकाशित गर्नेछ।

(ख) खण्ड (क) बमोजिम प्रकाशित मतदाता नामावलीमा कुनै मतदाता शेयरधनीको नाम छुट भएकोमा दावी गरी दर्ता गराउन वा दर्ता भएको कुनै मतदाताको नाम, निजले लिएको शेयर संख्या वा मत संख्या वा अन्य कुनै व्यहोरा सच्याउन वा दर्ता हुन नपर्ने कुनै मतदाताको नाम हटाउन, दावी विरोध गर्न निर्वाचन अधिकृतले तोके बमोजिमको म्याद दिईनेछ।

(ग) मतदाता नामावलीमा नाम छुटफुट भएमा वा संसोधन गर्न परेमा वा मतदाताको योग्यताको विरोधमा उजुरी दिन चाहने कुनै उम्मेदवार/शेयरधनीले निर्वाचन कार्यक्रमको सूचनामा तोकिएको मिति, समय र स्थानमा निर्वाचन अधिकृत समक्ष अनुसूची नं. ३ बमोजिम उजूरी दिनसक्नेछ। निर्वाचन अधिकृतले जाँचबुझ गरी मतदाता नामावलीमा थपघट गर्नु पर्ने भएमा आवश्यक थपघट गरी अन्तिम मतदाता नामावली प्रकाशन गर्नेछ।

८. <u>मतदाता नामावली स्वीकार्य हुने</u> :

(क) यस निर्देशिकाको निर्देशन नं. ७ को खण्ड (ग) बमोजिम अन्तिम मतदाता नामावली प्रकाशित भएपछि सो मतदाता नामावलीमा कुनै हेरफेर वा थपघट हुनेछैन र निर्वाचन कार्यको लागी स्वीकार्य हुनेछ।

(ख) कुनै मतदाताको नाम, थर, ठेगाना वा अन्य विवरण प्रकाशित गर्दा सामान्य त्रुटी भएको कारणले मात्र कुनै मतदातालाई उम्मेदवार बन्ने वा मतदान गर्ने अधिकारबाट बञ्चित गरिनेछैन।

९. <u>मतदाता नामावली हेर्न र सार्न दिने</u>:

मतदाताले अनुसूची नं. २ बमोजिमको मतदाता नामावली हेर्न र सार्न चाहेमा विगार्न, केरमेट गर्न नपाउने गरी हेर्न वा सार्न दिनु पर्छ। प्रत्येक समूहको छापिएको मतदाता नामावलीको प्रतिलिपि प्रति पृष्ठ रु. ५/- शुल्क लिएर इच्छुक शेयरधनीलाई उपलब्ध गराइने छ।

CEDB HYDROPOWER DEVELOPMENT COMPANY LTD. CHDC KATHMANDU, NEPAL

## परिच्छेद - ५

## उम्मेदवार तथा मनोनयन पत्र

१०. उम्मेदवारको योग्यता :

(क) सञ्चालक पदको लागि उम्मेदवार हुन चाहने व्यक्तिले कम्पनीले जारी गरेको साधारण शेयर कम्पनीले माग गरे बमोजिमको किस्ता रकम पुरै चुक्ता गरेको कम्तीमा १०० कित्ता साधारण शेयर आफ्नो नाममा ग्रहण गरेको हुनुपर्नेछ। तर संगठित संस्थाले शेयरधनी नरहेको व्यक्तिहरुलाई समेत उम्मेदवार बनाउन सक्नेछ । यसको साथै ऐनको दफा ८९ ले सञ्चालक हुन अयोग्य ठहराएको अवस्था नभएको, ऐन तथा कम्पनीको प्रवन्धपत्र, नियमावली बमोजिम योग्य भएको एवं शेयरधनीहरुको मतदाता नामावलीमा नाम दर्ता भएको कम्पनीको शेयरधनीमात्र संचालक पदको उम्मेदवार हुन सक्नेछ।

(ख) प्रचलित कानून बमोजिम कम्पनीको सञ्चालक हुन अयोग्य भएको व्यक्ति र कम्पनीले जारी गरेको साधारण शेयरहरुमध्ये कम्तीमा १०० कित्ता साधारण शेयर आफ्नो नाममा ग्रहण नगरेको शेयरधनी सञ्चालक पदमा नियुक्त हुन अयोग्य हुनेछ।

११. उम्मेदवारको मनोनयन :

मतदाता नामावलीमा नाम रहेको यस निर्देशिकाको निर्देशन नं. १० बमोजिम सञ्चालक पदको लागी उम्मेदवारी दिन योग्य शेयरधनीले अनुसूची -६ बमोजिम उम्मेदवारीको मनोनयन पत्र दाखिल गर्नु पर्नेछ । यसरी उम्मेदवारीको मनोनयन पत्र दाखिल गर्दा एक जना शेयरधनी प्रस्तावक र एक जना शेयरधनी समर्थक रहनु पर्नेछ।

१२. मनोनयन पत्रको दर्ता :

(क) उम्मेदवारको मनोनयन पत्र उम्मेदवारले निर्वाचन अधिकृत समक्ष दिनुपर्नेछ।

(ख) मनोनयन पत्र रीतपूर्वकको छ छैन हेरी रितपूर्वकको भएमा दर्ता गरी त्यसको निस्सा उम्मेदवारलाई दिनुपर्नेछ।

(ग) खण्ड (ख) बमोजिम दिनु पर्ने निस्साको ढाँचा निर्वाचन अधिकृतले तोके बमोजिम हुनेछ।

(घ) निर्वाचन अधिकृतले प्रस्तावक वा समर्थक नभएको वा प्रस्तावक वा समर्थक वा उम्मेदवार हुने व्यक्तिको सहिछाप नभएको वा अन्य रित नपुगेको मनोनयन पत्र दर्ता गर्न ल्याएमा रीत नपुगेको जति सच्चाउन लगाई सो मनोनयन पत्र दर्ता गर्नुपर्नेछ। यसरी रीत नपुगेको कुरा सच्चाउनु पर्ने व्यहोरा नसच्चाई मनोनयन पत्र दर्ता गराउन चाहेमा सोही व्यहोरा मनोनयन पत्रमा जनाई त्यसको सूचना मनोनयन पत्र दर्ता गराउने व्यक्तिलाई दिनुपर्दछ र त्यस्तो मनोनयन पत्रले मान्यता पाउनेछैन।

(ङ) एक जना शेयरधी एक वा एक भन्दा बढी व्यक्तिगत तथा संस्थागत उम्मेदवारको लागि प्रस्तावक वा समर्थक हुन सक्नेछ ।

(च) आफू सञ्चालकको पदमा उम्मेदवार भएको शेयरधनीले अन्य सञ्चालकको पदमा उम्मेदवारी दिने व्यक्तिको प्रस्तावक र समर्थक हुन पाउने छैन ।

CEDB HYDROPOWER DEVELOPMENT COMPANY LTD. CHDC KATHMANDU, NEPAL

(छ) संगठित संस्था, कम्पनी वा नेपाल सरकारले कम्पनीको शेयर खरिद गरेको अवस्थामा त्यस्ता संस्थाले उम्मेदवारी दिँदा संस्थाको सञ्चालक समितिको निर्णय आवश्यक पर्ने छ र यस्तो निर्णयको उतारमा संचालक समितिले तोकेको व्यक्ति वा कम्पनी सचिवले हस्ताक्षर गरेको हुनु पर्नेछ ।

(ज) एक जना भन्दा बढी वा साझा गरी शेयर लिएको शेयरधनीले सञ्चालकको पदमा उम्मेदवारी दिन चाहेमा शेयर प्रमाणपत्रमा उल्लेख भएका अन्य शेयरधनीको मन्जुरीनामा वा सर्वसम्मतिबाट प्रतिनिधी मुकरर गरिएको प्रमाण पेश गर्नु पर्ने छ । अन्यथा शेयरवालाको लगत कितावमा पहिलो नाम उल्लेख भएको व्यक्तिले मात्र अधिकार प्रयोग गर्न सक्नेछ ।

(झ) मनोनयन पत्र दर्ता गर्ने समय समाप्त भएपछि निर्वाचन अधिकृतले निर्वाचन कार्यक्रमको सूचनामा तोकिएको मिति, समय र स्थानमा मनोनयन पत्र दर्ता भएको उम्मेदवारको नामावली प्रकाशित गर्नेछ ।

(ञ) खण्ड (ज) बमोजिम प्रकाशित नामावली सूचीमा उल्लेखित कुनै उम्मेदवारको विरोधमा उजूरी दिन चाहने कुनै उम्मेदवार/शेयरधनीले निर्वाचन कार्यक्रमको सूचनामा तोकिएको मिति, समय र स्थानमा निर्वाचन अधिकृत समक्ष उजूरी दिनसक्नेछ ।

(ट) खण्ड (झ) अनुसार कुनै उम्मेदवार विरुद्ध उजुरी परेमा उजुरी पर्ने उम्मेदवार वा आवश्यकता अनुसार निजको कानुनी सल्लाहकारको समेत धारणा र राय समेत सुनी निर्वाचन अधिकृतले निर्णय गर्नेछ ।

१३. उम्मेदवारको नामावली :

निर्वाचन अधिकृतले मनोनयन पत्रहरुको जाँच गरी सकेपछि रीत पुगेको मनोनयन पत्र बमोजिमका उम्मेदवारहरुको नामावली तयार गरी निर्वाचन अधिकृतको कार्यालयको सूचना पाटीमा प्रकाशित गर्नेछ । साथै निर्वाचन अधिकृतले उम्मेदवारहरु माथिको उजूरीमा छानबिन गरी उम्मेदवारहरुको नामावली पून: तयार गरी प्रकाशित गर्नेछ ।

१४. उम्मेदवारले नाम फिर्ता लिने :

(क) कुनै उम्मेदवारले आफ्नो नाम उम्मेदवारको सुचीबाट फिर्ता लिन चाहेमा यस निर्देशिकाको अनुसूची - ८ बमोजिम तोकिएको दाँचामा निर्वाचन अधिकृतलाई लिखित सूचना दिई आफ्नो नाम फिर्ता लिन सक्नेछ ।

(ख) खण्ड (क) बमोजिम नाम फिर्ता लिएको लिखित सूचना उम्मेदवार आफैले दाखिल गर्नुपर्नेछ ।

(ग) नाम फिर्ता लिएको सूचना निर्वाचन अधिकृत समक्ष दाखिल भई सकेपछि सो सूचना बदर गर्न वा फिर्ता लिन पाउनेछैन ।

(घ) सभाले अनुमति दिएमा जुनसुकै समयमा पनि उम्मेदवारले आफ्नो नाम फिर्ता लिन सक्ने छ ।

१५. उम्मेदवारको अन्तिम नामावली :

यस निर्देशिकाको अनुसूची - १ बमोजिम प्रकाशित कार्यक्रम अनुसार उम्मेदवारले नाम फिर्ता लिने समय समाप्त भएपछि निर्वाचन अधिकृतले बाँकी रहेका उम्मेदवारहरुको अन्तिम नामावली तयार पार्नु पर्नेछ र सो नामावली निर्वाचन अधिकृतको कार्यालयको सूचना पाटीमा प्रकाशित गर्नुपर्नेछ ।

१६. निर्विरोध निर्वाचन :

(क) सञ्चालक पदको लागी उम्मेदवारी दिनेहरुको संख्या निर्वाचनको माध्यमबाट पूर्ति गर्नुपर्ने सञ्चालकको संख्या भन्दा बढि नभएमा निर्वाचन अधिकृतले सञ्चालक पदको उम्मेदवार निर्विरोध निर्वाचित भएको घोषणा गर्नेछ ।

CEDB HYDROPOWER DEVELOPMENT COMPANY LTD. CHDC KATHMANDU, NEPAL

(ख) उम्मेदवारको संख्या निर्वाचनद्वारा पूर्ति गरिने सञ्चालकहरुको संख्या भन्दा बढि भएमा यस निर्देशिका अनुसार निर्वाचन हुनेछ।

१७. उम्मेदवारको परिचय पत्र :

उम्मेदवारको अन्तिम नामावलीमा नाम समावेश भएको उम्मेदवारहरुलाई निर्वाचन अधिकृतले परिचय पत्र दिनेछ।

## परिच्छेद - ६
## मतदान केन्द्र, मतपत्र र मतपेटिका

१८. मतदान केन्द्र :

मतदान गर्ने स्थान निर्वाचन अधिकृतद्वारा प्रकाशित सूचनामा तोके बमोजिम हुनेछ।

१९. मतपत्र :

(क) अनुसूची -१० मा उल्लेखित ढाँचा बमोजिमको मतपत्र हुनेछ।

(ख) मतपत्रमा निर्वाचन अधिकृतको सही र कम्पनीको छाप अनिवार्य रुपमा लागेको हुनुपर्नेछ।

२०. मतपेटिका :

मतदानको लागी निर्वाचन अधिकृतले तोके बमोजिमको मतपेटीका प्रयोग हुनेछ। मतदान हुनु अगाडी निर्वाचन अधिकृतले सबै उम्मेदवारलाई सबै खाली मतपेटीका देखाई अनुसूची - ११ वमोजिम मुचुल्कामा सहीछाप समेत गराउनु पर्नेछ।

## परिच्छेद - ७
## मतदान

२१. मतदानको समय :

मतदान गर्ने समय निर्वाचन अधिकृतले सूचना जारी गरी तोके बमोजिम हुनेछ।

२२. मतदान गर्ने :

यस निर्देशिकाको परिच्छेद ४ मा व्यवस्था भए बमोजिम शेयरधनी अथवा निजको तर्फबाट प्रतिनिधि (प्रोक्सी) पत्र प्राप्त प्रतिनिधिले मात्र मतदान गर्न पाउनेछ। नाबालक वा विक्षिप्त शेयरधनीको हकमा निजको संरक्षक वा संरक्षकले तोकेको प्रतिनिधिले मतदान गर्न पाउनेछ। एक जना भन्दा बढी वा साझा गरी शेयर लिएको शेयरधनीले मतदान गर्न चाहेमा शेयर प्रमाणपत्रमा उल्लेख भएका अन्य शेयरधनीको मन्जुरीनामा वा सर्वसम्मतिबाट प्रतिनिधी मुकरर गरिएको प्रमाण पेश गर्नु पर्नेछ अन्यथा शेयरवालाको लगत कितावमा पहिलो नाम उल्लेख भएको व्यक्तिले मात्र मतदान अधिकार प्रयोग गर्न सक्ने छ।

२३. मतदान :

(क) शेयरधनीको मत संख्या कम्पनी ऐन २०६३ को दफा ७२(१) अनुसार कायम हुने छ । शेयरधनीको मताधिकार शेयरको संख्याले निर्वाचन हुने सञ्चालकको पद संख्यालाई गुणान गर्दा हुन आउने गुणानफल बराबर हुनेछ । शेयरधनीले गोप्य रुपमा मतदान गर्न पाउने छ ।

(ख) सञ्चालकहरुको निर्वाचन गर्दा शेयरधनीले आफ्नो सवै मत एउटै उम्मेदवारलाई वा एक भन्दा बढी उम्मेदवारलाई आफुले चाहे बमोजिम विभाजन हुने गरी मतदान गर्न सक्नेछ । धेरै उम्मेदवारलाई मत दिने भएमा प्रत्येक उम्मेदवारलाई दिएको मत संख्या उल्लेख गर्नु पर्नेछ ।

(ग) निर्वाचित हुने पद संख्या भन्दा धेरै उम्मेदवारलाई मत दिएमा वा आफूलाई प्राप्त मताधिकार भन्दा बढी मत दिएको अवस्थामा सम्पूर्ण मत बदर हुने छ ।

(घ) मतदाताहरुले मतदान गर्नका लागी अनिवार्य रुपमा आफ्नो परिचय खुल्ने प्रमाण (जस्तै नागरिकता प्रमाणपत्र, सवारी चालक अनुमति पत्र वा नेपाल सरकारवाट जारी गरीएको अन्य कुनै परिचय पत्र) साथमा लिई आउनु पर्ने छ ।

(ङ) माग गरिएको शेयरको किस्ता भुक्तानी नगर्ने शेयरवालालाई मतदानको अधिकार हुने छैन ।

(च) मतदाता नामावलीमा रुजु गरी रेजा (√) चिन्ह लगाई मतपत्र सही गरी मतदातालाई दिइनेछ ।

(छ) मतदान समय भित्र मतदान केन्द्रमा प्रवेश गरिसकेका मतदाताहरुलाई जतिसुकै समय लागे पनि मतदान गर्न दिइनेछ ।

(ज) यस निर्देशिकाको निर्देशन नं. २२ मा तोकिए बमोजिम बाहेक मतदाता नामावलीमा नाम दर्ता भएको मतदाताको नामबाट कुनै अर्को व्यक्तिले मतदान गर्नु हुँदैन । कसैले अर्को मतदाताको नामबाट मतपत्र लिई सकेको र सो कुरा वास्तविक देखिन आएमा निर्वाचन अधिकृतले त्यस्तो मतपत्र वदर गरी सोही व्यहोरा जनाई वास्तविक मतदातालाई अर्को मतपत्र दिन सक्नेछ ।

(झ) कुनै व्यक्तिले नाम ढाँटी मतदान गर्न आएमा उम्मेदवार वा निजको वारेसले निर्वाचन अधिकृत समक्ष विरोध गर्न पाउने छ ।

(ञ) कम्पनी ऐन, २०६३, कम्पनीको प्रवन्ध पत्र, नियमावली र यस निर्देशिका बमोजिम मतदान गर्न नपाउने व्यक्तिले निर्वाचनमा मतदान गर्नुहुदैन । त्यस्तो व्यक्ति मतदान केन्द्रमा मतपत्र लिन आएमा निर्वाचन अधिकृतले त्यस्तो व्यक्तिलाई मतपत्र दिन इन्कार गर्नेछ ।

(ट) मतदान सकिए पछि बाँकी रहेको मतपत्र, खाममा बन्द गरी निर्वाचन अधिकृतले शिलबन्दी गर्नु पर्नेछ र वितरीत मतपत्रको संख्या समेत खाम बाहिर खुलाउनु पर्नेछ साथै मतपेटिकाको प्वाल समेत मुचुल्का गरी बन्द गर्नु पर्नेछ

२४. मतदान कार्य स्थगित गर्न सकिने :

(क) निर्वाचन कार्य प्रारम्भ हुनु अगावै कुनै उम्मेदवारको मृत्यु भएको कुरा निर्वाचन अधिकृतको जानकारीमा आएमा निर्वाचन अधिकृतले निर्वाचन स्थगित गर्न सक्नेछ ।

(ख) काबुवाहिरको परिस्थिति, महामारीको जोखिम आदि पर्न गई निर्वाचन अधिकृतले मतदान स्थगित गराउन वान्छनिय ठानी सोको लागी अध्यक्षसंग अनुमति माग गरेमा अध्यक्षले त्यस्तो अनुमति दिन सक्नेछ ।

(ग) खण्ड (क) र (ख) बमोजिम मतदान स्थगित गरिएकोमा सञ्चालक समितिको परामर्श लिई निर्वाचन अधिकृतले पुनः मतदान गराउन सक्नेछ वा आवश्यकता अनुसार सम्पूर्ण निर्वाचन कार्यक्रम तय गर्न सक्नेछ।

२५. मतदान केन्द्रको अनधिकृत कब्जा :

(क) निम्न लिखित अवस्थामा मतदान केन्द्र अनाधिकृत कब्जा भएको मानिनेछ :–

(१) कसैले बल प्रयोग गरी वा डर त्रास देखाई वा धम्की दिई मतदान केन्द्र वा मतदान गर्न निश्चित गरिएको स्थान आफ्नो कब्जामा लिई मतदानको कार्यमा प्रभाव पारेमा वा कुनै उम्मेदवारको समर्थक मतदाताहरुलाई मात्र मतदान गर्न दिएमा,

(२) कसैले बल प्रयोग गरी वा नगरी मतदातालाई कुनै उम्मेदवारको पक्षमा मतदान गर्न वा नगर्न डर त्रास वा धम्कि दिएमा वा मतदान गर्नको लागि मतदान केन्द्र वा मतदान गर्ने स्थानमा जान वा प्रवेश गर्न नदिएमा,

(३) कसैले बल प्रयोग गरी वा नगरी मतदान कार्य सञ्चालन गर्न खटिएका कर्मचारीहरुलाई आफ्नो कर्तव्य पालना गर्न नदिएमा वा निजको जिम्मामा रहेको मतपत्र, मतपेटीका वा मतदान सम्बन्धी सामग्री कब्जामा लिई वा अन्य त्यस्तै कार्य गरी मतदानको कार्य निष्पक्ष तथा स्वतन्त्र रुपमा सामान्य ढंगले सञ्चालन नहुने या हुन नसक्ने गरी प्रभावित गरेमा।

(ख) खण्ड (क) बमोजिमको कुनै अवस्था श्रृजना भएमा निर्वाचन अधिकृतले मतदान रद्ध गरी सो को सूचना कम्पनी सचिव मार्फत सञ्चालक समितिलाई तुरुन्त दिनु पर्नेछ।

(ग) खण्ड (ख) बमोजिम मतदान रद्ध गरिएको अवस्थामा सञ्चालक समितिको परामर्शमा निर्वाचन अधिकृतले पुनः मतदानका लागि मिति र समय तोक्नेछ।

२६. मतपेटिका नोक्सान भएमा वा तोडफोड गरिएमा :

(क) मतदान केन्द्रमा मतदानको लागी प्रयोग भएको मतपेटिका दुर्घटनावश नोक्सान भएमा वा जानाजान तोडफोड गरी नोक्सान गरिएमा निर्वाचन अधिकृतले मतदान रद्ध गर्न सक्नेछ।

(ख) खण्ड (क) बमोजिम मतदान रद्ध गरिएकोमा सञ्चालक समितिको परामर्श लिई निर्वाचन अधिकृतले पुनः मतदान गर्ने मिति र समय तोक्ने छ र त्यसको सूचना प्रकाशित गर्नेछ।

२७. नाम ढाँटी मतदान गर्न आएमा विरोध गर्ने :

(क) कुनै व्यक्तिले आफ्नो नाम ढाँटी प्रतिनिधि (प्रोक्सी) हुँ भनि वा कुनै नाबालकको संरक्षक हुँ भनि वा अर्को मतदाताको नामले मतदान गर्नको लागी मतपत्र लिन आएमा उम्मेदवार वा निजको प्रतिनिधिले वा निर्वाचन कार्यमा खटिएका कर्मचारीले निर्वाचन अधिकृत समक्ष विरोध गर्न सक्नेछ।

(ख) उपदफा (क) बमोजिम विरोध भएमा निर्वाचन अधिकृतले सो सम्बन्धमा जाँचबुझ गरी तत्काल निर्णय गर्नु पर्नेछ र यसरी पर्न आएको विरोध र सो को निर्णयको अभिलेख राख्नु पर्नेछ।

२८. मतदान केन्द्रमा प्रवेश :

(क) निर्वाचन अधिकृतले मतदान केन्द्रमा देहायका व्यक्तिहरु बाहेक अन्य व्यक्तिलाई प्रवेश गर्न अनुमति दिने छैन।

(१) मतदाताहरु वा मतदाताको प्रतिनिधि (प्रोक्सी) वा नाबालक मतदाताको संरक्षक,

(२) उम्मेदवार वा निजको एक जना प्रतिनिधि

(३) निर्वाचन अधिकृतबाट अनुमति पाएका निर्वाचन सम्बन्धी व्यक्तिहरु ।

२९. निर्वाचन अधिकृतले निरिक्षण गर्ने :

निर्वाचन अधिकृतलाई कुनै शंका लागेमा मतदान कक्षमा प्रवेश गरी निरीक्षण गर्न सक्नेछ ।

३०. अशक्त मतदाता :

कुनै मतदाताले शारीरिक असक्तता वा अरु कुनै कारणवश आफै मतदान गर्न नसक्ने भई आफ्नो पत्यारको कुनै व्यक्तिलाई साथ लैजान अनुमति मागेमा र निर्वाचन अधिकृतले सो व्यहोरा उपयुक्त ठानेमा त्यस्तो व्यक्तिलाई मतदाताको साथमा मत संकेत गर्ने स्थानमा प्रवेश गर्न दिनेछ ।

३१. मतपेटीकाको शिल तोड्ने र मतगणनाको कार्य प्रारम्भ गर्ने :

(क) मतदानको समय समाप्त भएपछि निर्वाचन अधिकृतले उम्मेदवार वा निजको प्रतिनिधिको रोहवरमा सबै मतदान भएका मतपेटीकाहरुमा लागेको शिल खोली सो को मुचुल्का समेत तयार गरी अनुसूची - १४ वमोजिम मत गणनाको कार्य प्रारम्भ गरिनेछ ।

(ख) निर्वाचन अधिकृतले उम्मेदवारहरुको जानकारीको लागि मतगणना गर्ने स्थान, मिति र समय सम्बन्धी सूचना प्रकाशित गर्नु पर्दछ ।

३२. मतगणना :

(क) निर्वाचन अधिकृतले यस निर्देशिकाको निर्देशन नं. ३१ बमोजिमको सूचनामा उल्लेख गरिएको स्थान, मिति र समयमा मतगणना प्रारम्भ गर्नु पर्नेछ । मतगणना अनुसूची - १५ मा तोकिएको फारममा गरिनेछ ।

(ख) खण्ड (क) बमोजिम मतगणना गर्ने स्थानमा उम्मेदवार वा निजको प्रतिनिधि उपस्थित रहन सक्नेछन ।

(ग) मतगणनाको कार्य समाप्त भए पछि अनुसूची - १६ बमोजिम खसेको मतपत्र र प्रत्येक उम्मेदवारले पाएको सदर मत, बदर मत समेत उल्लेख गरी उम्मेदवार/प्रतिनिधीको सही गराई विवरण तयार गरी मुचुल्का गर्नुपर्दछ । यदि उम्मेदवार/प्रतिनिधीको सही हुन नसकेमा निर्वाचन अधिकृतको मात्र सही भए पनि विवरण मान्य हुनेछ ।

३३. मतगणना गर्ने स्थानमा प्रवेश :

(क) निर्वाचन अधिकृतले उम्मेदवार र निजका प्रतिनिधि, मतगणनाको काममा खटिएका व्यक्तिहरु र सुरक्षाको लागि खटिएका कर्मचारीहरु तथा निजले अनुमति दिएका व्यक्ति बाहेक अन्य व्यक्तिलाई मतगणना गर्ने स्थानमा प्रवेश निषेध गर्न सक्नेछ ।

(ख) मतगणना गर्ने काममा बाधा दिने कुनै पनि व्यक्तिलाई निर्वाचन अधिकृतले मतगणना गर्ने स्थानबाट बाहिर जान आदेश दिन सक्नेछ र त्यस्तो आदेश पाएको व्यक्तिले मतगणना गर्ने स्थानबाट बाहिर जानु पर्नेछ । सो आदेश पालन नगरी अटेर गर्ने व्यक्तिलाई निर्वाचन अधिकृतको आदेशले सो स्थानमा सुरक्षाको लागि खटिएको कर्मचारीले सो स्थानबाट हटाउन सक्नेछ ।

CEDB HYDROPOWER DEVELOPMENT COMPANY LTD. CHDC KATHMANDU, NEPAL

३४. मतगणना लगातार गर्नुपर्ने :

(क) निर्वाचन अधिकृतले मतगणना कार्य प्रारम्भ गरेपछि सो कार्य समाप्त नभएसम्म निरन्तर जारी राख्नु पर्नेछ।

(ख) कुनै कारणवश मतगणनाको काम लगातार जारी राख्न नसकिने अवस्था भई बीचैमा रोक्नु परेमा निर्वाचन अधिकृतले गणना गरिसकेका मतपत्रहरु, मतगणना अभिलेखहरु, मतगणना गर्न बाँकी रहेका मतपत्रहरु र मतगणना गर्न बाँकी मतपेटीकाहरुको लगत समेत तयार गरी अलग अलग खाममा राखी बन्द गर्नु पर्दछ र आफ्नो लाहाछाप समेत लगाउनु पर्नेछ। उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधिले चाहेमा निजको लाहाछाप समेत लगाउनु पर्नेछ।

(ग) खण्ड (ख) बमोजिम रोकिएको मतगणना कार्य यथासम्भव सो दिनको भोलिपल्ट पुनः प्रारम्भ गर्नुपर्नेछ। सो बमोजिमको मतगणना पुनः प्रारम्भ हुने सूचना सो स्थानमा उपस्थित उम्मेदवार वा निजको प्रतिनिधिलाई दिनु पर्नेछ र मतगणना गर्ने स्थानमा समेत प्रकाशित गर्नु पर्नेछ।

३५. मत गणना पुरा हुनु अघि मतपत्र नोक्सान भएमा :

(क) मत गणना पुरा हुनुभन्दा पहिले मतदान केन्द्रमा प्रयोग गरिएको कुनै पनि मतपत्र वा मतपत्र रहेको मतपेटिका निर्वाचन अधिकृतको नियन्त्रणबाट गैर कानूनी तवरले अन्यत्र लगिएमा वा खोलिएमा वा दुर्घटनावश नाश भएमा वा जानाजान तोडफोड गरी नोक्सान गरिएमा वा हराएमा निर्वाचन अधिकृतले मतदान रद्ध भएको घोषणा गर्नेछ र सो को सूचना कम्पनी सचिव मार्फत संचालक समितिलाई दिनेछ।

(ख) खण्ड (क) बमोजिम मतदान रद्द भएको घोषणा भएपछि संचालक समितिको परामर्श लिई निर्वाचन अधिकृतले पुनः मतदान गर्ने स्थान, र समय तोकी सूचना प्रकाशित गर्न सक्नेछ वा आवश्यकता अनुसार सम्पूर्ण निर्वाचन कार्यक्रम तय गर्न सक्नेछ।

३६. मत गणनास्थलको अनाधिकृत कब्जा :

(क) निम्नलिखित अवस्थामा मतगणनास्थलको अनाधिकृत कब्जा भएको मानिनेछ :–

(१) मतगणनाको कार्यमा संलग्न रहेका अधिकारी वा कर्मचारीहरुबाट कसैले मतपत्र वा त्यस्तो मतपत्र रहेको मतपेटीका आफ्नो कब्जामा लिएमा वा यस्तै अन्य कार्य गरी मतगणनाको कार्यमा दखल दिएमा वा प्रभावित पारेमा वा

(२) मतगणनाको कार्यमा संलग्न रहेको कुनै व्यक्तिले खण्ड (१) बमोजिमको कार्य गरेमा वा सो कार्य गर्न सहयोग पुऱ्याएमा वा अनुमति दिएमा।

(ख) खण्ड (क) बमोजिम मतगणना स्थलको अनधिकृत कब्जा भएमा निर्वाचन अधिकृतले सो घटनाको सम्बन्धमा कुनै जाँचबुझ गर्नुपर्ने आबश्यकता देखेमा जाँचबुझ समेत गरी सम्पूर्ण मतदान रद्द भएको घोषणा गर्नेछ।

(ग) खण्ड (ख) बमोजिम मतदान रद्द भएको घोषणा भएपछि सञ्चालक समितिको परामर्श लिई निर्वाचन अधिकृतले पुनः मतदान गर्ने स्थान, मिति र समय तोकी सूचना प्रकाशित गर्न सक्नेछ वा आवश्यकता अनुसार सम्पूर्ण निर्वाचन कार्यक्रम तय गर्न सक्नेछ।

३७. मतपत्र बदर हुने अवस्था :

(क) देहायको कुनै अवस्थामा मतपत्र बदर हुनेछ :

CEDB HYDROPOWER DEVELOPMENT COMPANY LTD. CHDC KATHMANDU, NEPAL

(१) निर्वाचन अधिकृतको सहि र कम्पनीको छाप नलागेको वा

(२) मत नदिने निश्चय गरी निर्वाचन अधिकृतलाई फिर्ता दिएको वा

(३) मतदानको लागि निर्धारित मतपत्र बाहेक अन्य मतपत्र द्वारा मतदान गरिएको वा

(४) मतपत्रमा केरमेट गरिएको वा अन्य सूचक चिन्ह प्रयोग भएको।

(५) मत संख्या नबुझीने गरी च्यातिएमा वा प्वाल परेमा वा केरमेट भए वा फोहर भएमा।

(६) मतपत्र जाली वा नक्कली भएमा

(७) निर्वाचित हुने पद संख्या भन्दा धेरै उम्मेदवारलाई मत दिएमा वा आफूलाई प्राप्त मताधिकार भन्दा बढी मत दिएको अवस्थामा सो मतपत्र र त्यसका सम्पूर्ण मत बदर हुने छ।

(ख) खण्ड (क) मा उल्लेखित अवस्था बाहेक अन्य अवस्थामा कुनै मत सदर हो वा बदर हो भन्ने बारेमा विवाद भएमा निर्वाचन अधिकृतको निर्णय अन्तिम हुनेछ।

३८. <u>पुन मतगणना</u> :

(क) मतगणना कार्य जारी रहेको अवस्थामा वा समाप्त भएपछि मतपेटीकामा शिलबन्दी लाग्नु अघि कुनै उम्मेदवार वा निजको प्रतिनिधिले केही वा सबै मतपत्र दोहोराई गणना गराई पाउँ भनी तत्काल निर्वाचन अधिकृत समक्ष कारण सहित लिखित निवेदन दिन सक्नेछ।

(ख) खण्ड (क) बमोजिम निवेदन पर्न आएमा निर्वाचन अधिकृतले सो निवेदन तत्काल दर्ता गरी दोहोर्‍याई मतगणना गर्नु पर्ने देखिएमा दोहोर्‍याई मतगणना गर्न सक्नेछ।

(ग) खण्ड (ख) बमोजिम निर्वाचन अधिकृतले दोहोर्‍याई मतगणना गर्नु पर्ने भएमा सोही व्यहोराको निर्णय गरी सो स्थानमा उपस्थित रहेका उम्मेदवार वा निजको प्रतिनिधिलाई निर्वाचन परिणामको घोषणा गर्नुभन्दा पहिले सो निर्णयको सूचना दिनु पर्नेछ।

(घ) खण्ड (क) अनुसार दोहोराई मतगणना गर्ने माग गर्ने कुनै उम्मेदवार वा निजको प्रतिनिधिले निवेदन साथ रु. ५,०००/- धरौटी राख्नु पर्नेछ। निजको उजुरी गलत सावित भएमा धरौटी जफत हुनेछ।

३९. <u>मत बराबर भएमा</u> :

कुनै उम्मेदवारको मत बराबर भएमा निर्वाचन अधिकृतले गोलाप्रथाद्वारा निर्णय गर्नेछ र सो निर्णय बमोजिम छनिएको उम्मेदवार निर्वाचित भएको मानिनेछ।

४०. <u>निर्वाचन परिणामको घोषणा</u> :

(क) मतगणनाको कार्य पुरा भईसकेपछि निर्वाचन अधिकृतले मतगणना तालिका तयार गरी अनुसूची - १७ वमोजिम मतगणनाको परिणाम घोषणा गर्नेछ।

(ख) खण्ड (क) बमोजिम निर्वाचनको परिणाम घोषणा गर्दा जति जना सञ्चालकहरु निर्वाचनद्वारा पुर्ति गर्नुपर्ने हो त्यति नै जना सबैभन्दा बढी मत पाउने उम्मेदवार निर्वाचित भएको घोषणा गरिने छ।

(ग) निर्वाचनको परिणाम प्रकाशित गरिसकेपछि निर्वाचन अधिकृतले निर्वाचनसम्बन्धी अन्य विवरणहरु समेत भएको आफ्नो प्रतिवेदन तयार गरी कम्पनी सचिव मार्फत सञ्चालक समितिमा यथासिघ्र पठाउनु पर्नेछ।

CEDB HYDROPOWER DEVELOPMENT COMPANY LTD. CHDC KATHMANDU, NEPAL

४१. निर्वाचित मिति :

निर्वाचन अधिकृतले यस निर्देशिकाको निर्देशन नं. ४० बमोजिम निर्वाचनको परिणाम घोषणा गरेको मितिलाई सम्बन्धित उम्मेदवार निर्वाचित भएको मिति मानिनेछ।

## परिच्छेद - ८
## उम्मेदवारको प्रतिनिधि

४२. उम्मेदवारको प्रतिनिधि :

कुनै उम्मेदवारले कुनै एक व्यक्तिलाई निर्वाचनको लागि आफ्नो प्रतिनिधि नियुक्ती गर्न चाहेमा कम्तिमा निर्वाचन हुनु भन्दा एक घण्टा अघि सो को लिखित सूचना निर्वाचन अधिकृतलाई दिनुपर्नेछ।

४३. उम्मेदवारको प्रतिनिधिको कर्तव्य :

यस निर्देशिका बमोजिम काम गर्नु प्रतिनिधिको कर्तब्य हुनेछ।

४४. उम्मेदवार वा निजको प्रतिनिधि अनुपस्थिती रहेमा :

यो निर्देशिका बमोजिम निर्वाचन प्रतिनिधि नियुक्त नभएमा वा उम्मेदवार वा निजको कुनै प्रतिनिधि उपस्थित नरहेमा वा निजहरुमध्ये कसैले गर्नुपर्ने काम नगरेमा सोही कारणले मात्र मतदान, मतगणना वा निर्वाचन सम्बन्धी कुनै पनि काम रोकिने छैन।

## परिच्छेद - ९
## विविध

४५. निर्वाचन सम्बन्धी कागजात :

निर्वाचनमा प्रयोग भएको कागजातमध्ये मतगणनाको प्रयोजनको लागी आवश्यकता अनुसार खोली हेरी मतगणनाको काम समाप्त भएपछि शिलबन्दी गरी कम्पनीलाई जिम्मा लगाई दिनुपर्नेछ। निर्वाचन सम्बन्धी कागजात निर्वाचन समाप्त भएको मितिले १ हप्ता सम्म सुरक्षित राख्नुपर्नेछ।

४६. गोपनियता कायम राख्नुपर्ने :

कानून बमोजिम अधिकार पाएकोमा बाहेक सम्बन्धित काम गर्न खटिएको कुनै पनि कर्मचारी वा उम्मेदवार वा निर्वाचन प्रतिनिधि वा अन्य कुनै व्यक्तिले मतपत्रमा मतदाताले उल्लेख गरेको मतसंख्या वा तत्सम्बन्धी आफूलाई जानकारी रहेको वा हुन आएको अन्य कुनै कुरा कसैलाई भन्न, लेख्न वा कुनै किसिमले प्रकाशन समेत गर्नुहुँदैन।

४७. आदेश जारी गर्ने र निर्देशन दिने :

(क) यस निर्देशिकामा लेखिएको कुराका अतिरिक्त निर्वाचनको सम्बन्धमा निर्वाचन अधिकृतले आवश्यक आदेश जारी गर्न सक्नेछ र त्यस्तो आदेशको सूचना निर्वाचन अधिकृतको कार्यालयमा प्रकाशित गरिनेछ।

CEDB HYDROPOWER DEVELOPMENT COMPANY LTD. KATHMANDU, NEPAL CHDC

(ख) निर्वाचन अधिकृतले निर्वाचन सञ्चालनको लागि निर्वाचनको काममा खटिएका कर्मचारीहरुलाई आवश्यक निर्देशन दिन सक्नेछ।

(ग) खण्ड (क) र (ख) बमोजिमको आदेश र निर्देशन पालन गर्नु उम्मेदवार, निजको प्रतिनिधिहरु तथा निर्वाचन सम्बन्धी कार्यमा खटाईएको सम्पुर्ण कर्मचारीको कर्तब्य हुनेछ।

४८. मद्धत लिन सक्ने :

निर्वाचन अधिकृतले निर्वाचनको काममा शान्ति सुरक्षा कायम राख्ने प्रयोजनको निमित्त सुरक्षा कर्मचारीहरुको मद्दत लिन सक्नेछ र यसको लागि सञ्चालक समितिले आवश्यक व्यवस्था मिलाई दिनेछ।

४९. अधिकार प्रत्यायोजन :

यस निर्देशिकाको निर्देशन नं. ३ को खण्ड (घ) को अधिनमा रही यस निर्देशिका बमोजिम आफूलाई प्राप्त अधिकारहरु निर्वाचन अधिकृतले निर्वाचनको सम्बन्धमा खटिएका कर्मचारीहरुलाई अधिकार प्रत्यायोजन गर्न सक्नेछ।

५०. निर्वाचन अधिकृतले आदेश दिन सक्ने:

यस निर्देशिकामा लेखिएका कुरामा सोही अनुसार र अन्य कुराका हकमा निर्वाचन अधिकृतले दिएको आदेश वा निर्देशन अनुसार हुनेछ।

५१. निर्देशिकाको व्याख्या गर्ने अधिकार :

यस निर्देशिकाको व्याख्या गर्ने अधिकार निर्वाचन अधिकृतलाई हुनेछ।

५२. खारेजी र बचाउ :

यस निर्देशिकामा लेखिएका र कम्पनीका अन्य विवरण तथा सूचना बाझिन गएमा सो सम्बन्धमा निर्णय गर्ने अधिकार निर्वाचन अधिकृतलाई हुनेछ।

CEDB HYDROPOWER DEVELOPMENT COMPANY LTD. CHDC KATHMANDU, NEPAL

अनुसूची - १

सिईडिवि हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेड

निर्वाचन अधिकृतको कार्यालय

निर्वाचन कार्यक्रमको सूचना

सिईडिवि हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेडको सञ्चालक समितिको निर्वाचनको प्रयोजनको लागि निर्देशिकाको निर्देशन नं. ५ बमोजिम देहाय अनुसारको निर्वाचन कार्यक्रम सम्बन्धी सूचना प्रकाशित गरिएको छ।

| क्र.स. | कार्यक्रम | मिति | समय | स्थान | कैफियत |
|---|---|---|---|---|---|
| १. | प्रथम मतदाता नामावली प्रकाशन | | | | |
| २. | मतदाता नामावलीमा दावी विरोध र छुट नाम दर्ता | | | | |
| ३. | अन्तिम मतदाता नामावली प्रकाशन | | | | |
| ४. | उम्मेदवारको मनोनयन दर्ता | | | | |
| ५. | उम्मेदवारको प्रथम नामावली प्रकाशन | | | | |
| ६. | उम्मेदवारको नाम उपर दावी विरोध र उजुरी दिने | | | | |
| ७. | उम्मेदवारको नाम उपर दावी विरोध र उजुरी पछिको नामावली प्रकाशन | | | | |
| ८. | उम्मेदवारको नाम फिर्ता लिने | | | | |
| ९. | उम्मेदवारको अन्तिम नामावली प्रकाशन | | | | |
| १०. | मतदान | | | | |
| ११. | मतगणना | | | | |
| १२. | निर्वाचनको परिणामको घोषणा | | | | |

कम्पनीको छाप

..............................

निर्वाचन अधिकृतको नाम र सही

मिति :

अनुसूची - २

सिईडिवि हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेड
निर्वाचन अधिकृतको कार्यालय

मतदाता नामावली

| क.सं. | शेयरधनी नं. | नाम थर | ठेगाना | शेयर संख्या | कैफियत् |
|---|---|---|---|---|---|
| १.<br>२.<br>३.<br>४.<br>५.<br>६.<br>७.<br>८. | | | | | |

सही : .........................

निर्वाचन अधिकृतको सही
मिति:

अनुसूची - ३

दावी बिरोध

श्री निर्वाचन अधिकृत ज्यू,
सिईडिवि हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेड
काठमाण्डौ ।

महोदय,
सिईडिवि हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेडको शेयरधनीहरुको शेयरधनी दर्ता किताबमा दर्ता भएको दर्ता नं...................... का श्री ....................................... निम्न कारणहरुले गर्दा शेयरधनी हुन अयोग्य भएकाले निजको शेयरधनी दर्ता किताबबाट खारेज गरी पाउन अनुरोध गर्दछु।

उजुरीको कारण

मिति :
समय :

सही :
नाम :
ठेगाना :
शेयर धनी नं. :

(निर्वाचन अधिकृतले भर्ने)

यो उजुरी मिति............................ को दिन ............ बजे शेयरधनी नं. भएका शेयरधनी श्री.............................................. ले मेरो समक्ष दाखिल गरेको हो ।

सही :
निर्वाचन अधिकृत

निर्णय

मैले नियमानुसार यो उजुरी उपर जाँच गरेर निम्न लिखित बमोजिम निर्णय गरे ।

निर्णयको संक्षिप्त व्यहोरा

मिति :
समय :

सही :
निर्वाचन अधिकृत :

अनुसूची - ४

# सिईडिबि हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेड

## त्रिपुरेश्वर, काठमाण्डौ ।

फोन नं. ०१-४१०११४०

## प्रोक्सी फारम

.......................... जिल्ला ........................................... न.पा./गा.वि.स., वडा नं. ......... बस्ने म/हामी ................................................. ले त्यस सिईडिबि हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेडको शेयरधनीको हैसियतले मिति ............................ गते हुने साधारण सभामा म/हामी स्वयम् उपस्थित भई छलफल तथा निर्णयमा सहभागी हुन नसक्ने भएकाले उक्त सभामा मेरा/हाम्रो तर्फबाट भाग लिनका लागि ...................... जिल्ला ................................ न.पा/गा.वि.स. वडा नं. ........ बस्ने ना.प्र.प.नं. .......................... भएका श्री .............................................. लाई मेरो/हाम्रो प्रतिनिधि नियुक्त गरी पठाएको छु/पठाएका छौं ।

**प्रोक्सी लिनेले भर्ने :**

प्रोक्सी लिनेको सही :

ठेगाना :

शेयरधनी / DEMAT नं.:

मिति :

**प्रोक्सी दिनेले भर्ने :**

प्रोक्सी दिनेको सही :

ठेगाना . :

शेयरधनी / DEMAT नं.:

शेयर संख्या :

मिति :

अनुसूची - ५
(निर्देशन नं. ४२ को प्रयोजनको लागि)

उमेदवारको प्रतिनिधि

श्री निर्वाचन अधिकृत ज्यू,
सिईडिवि हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेड
काठमाण्डौ ।

महोदय,

सिईडिवि हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेडको नियमावली बमोजिम संचालक समितिमा कम्पनीको ५ जना सञ्चालककहरुको निर्वाचनको लागि उम्मेदवारी दर्ता गर्न, उम्मेदवारी फिर्ता लिन मतदान र मतगणना प्रतिनिधिको रुपमा श्री.................................................... लाई वारेस मुकरर गरेको छु । निजले गरेको काममा मेरो मन्जुरी छ ।

मिति :

सही :
नाम, थर :
ठेगाना :

उपरोक्त बमोजिम प्रतिनिधी बस्न मेरो मन्जुरी छ ।

मिति :

सही :
नाम :
ठेगाना :

उपरोक्त बमोजिमको अख्तियारनामा मेरो समक्ष दाखिल भएको हो ।

मिति :
समय :

..........................
निर्वाचन अधिकृत

अनुसूची - ६
(उम्मेदवारको मनोनयन–पत्र)

मिति : ................., २०८१

श्रीमान निर्वाचन अधिकृत ज्यू,
सञ्चालकको निर्वाचन २०८१
सिईडिबि हाईड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेड ।

विषय : उम्मेदवारी दर्ता ।

सिईडिबि हाईड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेडको नियमावली बमोजिम मिति कार्तिक २०, २०८१ मा हुन लागेको सञ्चालक समितिमा कम्पनीको ५ जना सञ्चालकहरुको निर्वाचनमा सञ्चालकको पदमा आफ्नो उम्मेदवारीको मनोनयन पत्र पेश गर्दछु । साथै प्रस्तावित उम्मेदवारहरु प्रचलित कम्पनी ऐन २०६३ को दफा ८८, सिईडिबि हाईड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेडको प्रबन्धपत्र, नियमावली तथा अन्य नेपाल कानून वमोजिम योग्य रहनु का साथै कम्पनी ऐन २०६३ को दफा ८९ वमोजिम सञ्चालक हुनको लागी अयोग्य नभएको व्यहोरा समेत घोषणा गरिन्छ ।

उम्मेदवारको नाम, थर :

संस्थागत शेयरधनीले उम्मेदवारी दिने भए संस्थागत शेयरधनीको नाम :

लिंग :

उमेर :

ठेगाना :

पिता । पतिको नाम, थर :

मतदाता नामावलीको क्र.सं :

शैक्षिक योग्यता र अनुभव :

मिति :

शेयरधनीको हस्ताक्षर :

संस्थागत शेयरधनीको तर्फबाट अख्तियार प्राप्त व्यक्तिको हस्ताक्षर :

शेयरधनी नं. :

जम्मा शेयर संख्या :

संस्थागत शेयरधनीको छाप :

(प्रस्तावकले भर्ने)

सिईडिवि हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेडको सञ्चालक समितिमा कम्पनीको ५ जना सञ्चालकहरुको निर्वाचनमा सञ्चालकको पदको निर्वाचनको लागि माथी उल्लेख गरिए वमोजिमका श्री ................................लाई मैले उम्मेदवारको रुपमा प्रस्ताव गर्दछु ।

नाम, थर : हस्ताक्षर :

लिंग : शेयरधनी नं. :

उमेर : जम्मा शेयर संख्या :

ठेगाना : संस्थागत शेयरधनीको छाप :

पिता । पतिको नाम, थर :

मतदाता नामावलीको क्र.सं :

शैक्षिक योग्यता र अनुभव :

मिति :

................................................................................................................................................

(समर्थकले भर्ने)

प्रस्तावक श्री.............................ले माथी उल्लेख गरे वमोजिम सिईडिवि हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेडको सञ्चालक समितिमा ५ जना सञ्चालकहरुको निर्वाचनमा सञ्चालकको पदको निर्वाचनको लागि श्री ...........................लाई उम्मेदवारको रुपमा प्रस्ताव गर्नु भएकोमा सो प्रस्तावको म समर्थन गर्दछु ।

नाम, थर : हस्ताक्षर :

लिंग : शेयर धनी नं. :

उमेर : जम्मा शेयर संख्या :

ठेगाना : संस्थागत शेयरधनीको छाप :

पिता । पतिको नाम, थर :

मतदाता नामावलीको क्र.सं :

शैक्षिक योग्यता र अनुभव :

मिति :

(निर्वाचन अधिकृतले भर्ने)

यो मनोनयन पत्र मिति ......................... को दिन दिनको.................बजे उम्मेदवार

श्री............................... ले दाखिल गरेको हो ।

मिति :

हस्ताक्षर :

समय :

निर्वाचन अधिकृत :

.................................................................................................................................................

(निर्वाचन अधिकृतले भरी उम्मेदवारलाई निस्सा दिने)

यो मनोनयन पत्र मिति ............................ दिन दिनको..................बजे उम्मेदवार
श्री................................. ले दाखिल गरेकोले सो मनोनयन पत्र दर्ता गरी निस्सा दिइएको छ ।

मिति :

हस्ताक्षर :

समय :

निर्वाचन अधिकृत :

अनुसूची ७

उम्मेदवारी उपर दावी बिरोध

श्री निर्वाचन अधिकृत ज्यू,
सिईडिवि हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेड,
काठमाण्डौ ।

महोदय,
सिईडिवि हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेडको सञ्चालक समितिमा कम्पनीको ५ जना सञ्चालकहरुको निर्वाचनमा सञ्चालकको पदमा उम्मेदवार हुनको लागि दर्ता नं............ मा मनोनयन पत्र दर्ता भएका श्री................................ निम्न लिखित कारणले उम्मेदवार हुन अयोग्य भएकोले निजको उम्मेदवारी खारेज गरी पाउन अनुरोध गर्दछु ।

उजुरीको कारण

मिति :
समय :

सही :
नाम :
ठेगाना :

उम्मेदवार/ प्रतिनिधी/ शेयरधनी

(निर्वाचन अधिकृतले भर्ने)

यो उजुरी मिति............................ को दिन ............ बजे उम्मेदवार/ प्रतिनिधी/ शेयरधनी श्री.............................................. ले मेरो समक्ष दाखिल गरेको हो ।

सही :
निर्वाचन अधिकृत

निर्णय

मैले नियमानुसार यो उजुरी उपर जाँच गरेर निम्न लिखित बमोजिम निर्णय गरे

निर्णयको संक्षिप्त व्यहोरा

मिति :
समय :

सही:
निर्वाचन अधिकृत :

अनुसूची - ८

नाम फिर्ता लिएको सूचना

(निर्देशन नं. १४ को खण्ड (क) को प्रयोजनको लागि)

मिति: २०८१....।......

श्री निर्वाचन अधिकृत ज्यू,
सिर्ईडिवि हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेड,
काठमाण्डौं

महोदय,

सिर्ईडिवि हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेडको सञ्चालक समितिमा कम्पनीको ५ जना सञ्चालकहरुको निर्वाचनमा सञ्चालकको पदमा उम्मेदवार हुन मैले मनोनयन पत्र दाखिल गरेकोमा सो निर्वाचनमा उम्मेदवार हुन हाल मेरो इच्छा नभएकोले आफ्नो राजीखुशीले उम्मेदवार फिर्ता लिन यो निवेदन पेश गरेको छु।

दस्तखत :
नाम :
ठेगाना :

(निर्वाचन अधिकृतले भर्ने)

यो सूचना मिति २०८१......।....... का दिन ............... बजे म समक्ष दाखिल भएको हो।

दस्तखत :

निर्वाचन अधिकृत :

निर्णय

निवेदक श्री .................................................. को निवेदन बमोजिम निजको उम्मेदवारी हटाउने निर्णय भयो।

दस्तखत :
निर्वाचन अधिकृत :
मिति : २०८१......।.......

## अनुसूची - ९

### उम्मेदवारको अन्तिम नामावली

(निर्देशन नं. १५ को प्रयोजनको लागि)

सिईडिवि हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेडको संचालक समितिमा कम्पनीको ५ जना सञ्चालक पदको लागि उम्मेदवार भएकाहरु मध्ये देहायका व्यक्तिहरुको उम्मेदवारी रहने गरी अन्तिम नामावली प्रकाशन गरिएको छ।

| | | | | | |
|---|---|---|---|---|---|
| क्र.सं | नाम थर ठेगाना | पिता तथा पतिको नाम | उमेर | लिङ्ग | कैफियत |
| | | | | | |
| | | | | | |
| क्र.सं | नाम थर ठेगाना | पिता तथा पतिको नाम | उमेर | लिङ्ग | कैफियत |
| | | | | | |
| | | | | | |
| | | | | | |

मिति : २०८१।....।.....
समय :

सही :
निर्वाचन अधिकृत

## अनुसूची - १०
## मतपत्रको नमुना

सिईडिवि हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेडको संचालक समितिमा कम्पनीको ५ जना सञ्चालकको निर्वाचन-२०८१

मतपत्र क्र. सं. ....

मिति २०८१.....।.....।....

शेयर संख्या -

मतपत्र बुझ्नेको सहि -

उम्मेदवार संख्या -

नाम थर -

जम्मा मतसंख्या -

ठेगाना -

कम्पनीको छाप -

सही .............

निर्वाचन अधिकृत

---

सिईडिवि हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेडको संचालक समितिमा कम्पनीको ५ जना सञ्चालकको निर्वाचन-२०८१

मतपत्र क्र. सं.

मिति २०८१।....।....

शेयर संख्या -

जम्मा मतसंख्या -

कम्पनीको छाप -

| **क्र.स.** | **सञ्चालक पदको उम्मेदवार को नाम** | **पाएको मत संख्या** |
|---|---|---|
| १. | | |
| २. | | |
| ३. | | |
| ४. | | |

सही ........................

निर्वाचन अधिकृत

अनुसूची - ११

(निर्देशन नं. २० को प्रयोजनको लागि)

खाली मतपेटीका शिलबन्दी गरेको मुचुल्का

सिईडिवि हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेडको सञ्चालक समितिमा कम्पनीको ५ जना सञ्चालकको निर्वाचनमा मतदान गर्ने कार्य आज मिति २०८१।.....।....... का दिन ........ वजे देखी शुरुहुने भएकाले मतदान कार्यमा प्रयोग गरिने खाली मतपेटीका थान ........ हामी तपसिलका व्यक्तिहरुको रोहवरमा रितपूर्वक बिर्को बन्द गरी स्वस्तिक छाप चिन्ह भएको लाहा छाप लगाई शिलबन्दी गरी यो मुचुल्का गरि दिएका छौं।

तपसील

| क्र.सं. | उम्मेदवार वा निजको प्रतिनिधिको नाम | दस्तखत | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

दस्तखत :
निर्वाचन अधिकृत :
मिति : २०८१।.....।.....
समय:

अनुसूची - १२
(निर्देशिकाको निर्देशन नं. २३ को खण्ड (ड) को प्रयोजनको लागि)

मतपेटिकाको प्वाल बन्द गरेको
मुचुल्का

सिईडिवि हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेडको सञ्चालक समितिमा कम्पनीको ५ जना सञ्चालकको निर्वाचनमा आज मिति २०८१।....।... का दिन....... बजे मतदान गर्ने कार्य समाप्त भएकोले मतदानको लागि प्रयोग गरिएको ......... वटा मतपेटिकाहरुको मतपत्र खसाल्ने प्वाल हामी तपसीलका मानिसहरुको रोहवरमा रीतपूर्वक बिर्को बन्द गरी ............... चिन्ह भएको लाहा छाप लागेको ठीक साँचो हो ।

तपसील

१. श्री ...................................................... वा निजको प्रतिनिधि
श्री ........................................................
२. श्री ...................................................... वा निजको प्रतिनिधि
श्री ........................................................
३. श्री ...................................................... वा निजको प्रतिनिधि
श्री ........................................................
४. श्री ...................................................... वा निजको प्रतिनिधि
श्री ........................................................
५. श्री ...................................................... वा निजको प्रतिनिधि
श्री.....................................................

मिति : २०८१।.....।.....
समय :

सहि ... ... ...

निर्वाचन अधिकृत

अनुसूची - १३

(निर्देशिकाको निर्देशन नं. ३१ को खण्ड (क) को प्रयोजनको लागि)

मतपेटीकाको शिल तोडेको मुचुल्का

सिईडिवि हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेडको सञ्चालक समितिमा कम्पनीको ५ जना सञ्चालकको निर्वाचनमा मतदान गर्ने कार्य आज मिति २०८१।......।...... का दिन ....... बजे समाप्त भएकाले मतदान कार्यमा प्रयोग गरिएको मतपेटीका थान............................ हामी तपसिलका व्यक्तिहरुको रोहवरमा लाहा छाप तोडी रितपूर्वक मतपेटीका खोली यो मुचुल्का गरि दिएका छौं।

तपसील

| क्र.सं. | उम्मेदवार वा निजको प्रतिनिधि (वारेस) को नाम | दस्तखत | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

दस्तखत :

निर्वाचन अधिकृत :

मिति : २०८१।....।....

अनुसूची-१४
( निर्देशिन नं. ३१ को प्रयोजनको लागि )

सिईडिवि हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेड
निर्वाचन अधिकृतको कार्यालय
मतगणना शुरु भएको मुचुल्का

सिईडिवि हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेडको सञ्चालक समितिमा कम्पनीको ५ जना सञ्चालकको निर्वाचनमा प्रयोग भएका मतपेटीकाहरु प्राप्त भैसकेकाले आज मिति २०८१।...।..... को दिन...... बजे हामी तपसिलका मानिसहरुका रोहवरमा मतगणना शुरु भएको ठीक साँचो हो ।

तपसिल

१. उम्मेदवार वा उम्मेदवारको प्रतिनिधि श्री
२. उम्मेदवार वा उम्मेदवारको प्रतिनिधि श्री
३. उम्मेदवार वा उम्मेदवारको प्रतिनिधि श्री
४. उम्मेदवार वा उम्मेदवारको प्रतिनिधि श्री

मिति :
समय :
स्थान :

सही :
निर्वाचन अधिकृत

अनुसूची- १५

( निर्देशन नं. ३२ को खण्ड (क) को प्रयोजनको लागि )

सिईडिवि हाइड्रोपावर डेभलपमेन्टकम्पनी लिमिटेड

<u>सञ्चालक निर्वाचनको मतगणना फारम</u>

सिईडिवि हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेडको सञ्चालक समितिमा कम्पनीको ५ जना सञ्चालकको निर्वाचनमा सञ्चालक पदको निर्वाचनको लागि भएको मतको गणना देहाय बमोजिम छ ।

कूल मतदाता संख्या | कूल मतदान संख्या

कूल सदर मत संख्या | कूल बदर मत संख्या

| क्र.सं. | उम्मेदवारको नाम | प्राप्त सदर मतसंख्या | जम्मा प्राप्त सदर मत | कैफियत |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |

सही.....................................

मतगणना गर्ने कर्मचारी

निर्वाचन अधिकृत

१.

२.

३.

अनुसूची - १६

(निर्देशन नं. ३२ को खण्डा (ग) को प्रयोजनको लागि)

सिईडिवि हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेड

निर्वाचन अधिकृतको कार्यालय

मतगणना समाप्त भएको मुचुल्का

सिईडिवि हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेडको सञ्चालक समितिमा कम्पनीको ५ जना सञ्चालकको निर्वाचनमा सञ्चालक पदको निर्वाचनको मतगणना मिति २०८१।.....।..... देखि शुरु भई आज मिति २०८१।....।..... दिनको......... बजे समाप्त भएको ठीक साँचो हो, सो मतगणना भए अनुसार मतदान भएको जम्मा ........... मत मध्ये................ मत बदर र ..................मत सदर भएको र सदर मत मध्ये उम्मेदवारहरुले निम्न लिखित बमोजिम सदर मत पाएको ठीक साँचो हो ।

| क्र.सं. | उम्मेदवारको नाम, थर ठेगाना | प्राप्त सदर मत | कैफियत |
|---|---|---|---|
| | | | |

तपसिल

१. उम्मेदवार प्रतिनिधि श्री

२. उम्मेदवार प्रतिनिधि श्री

३. उम्मेदवार प्रतिनिधि श्री

मिति :

समय :

स्थान :

सही :

निर्वाचन अधिकृत :

अनुसूची - १७

(निर्देशन नं. ४० को प्रयोजनको लागि)

## निर्वाचन परिणामको घोषणा

सिईडिवि हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेडको सञ्चालक समितिमा कम्पनीको ५ जना सञ्चालकको निर्वाचनमा देहायका उम्मेदवार महानुभावहरुले देहाय बमोजिम मत प्राप्त गर्नु भएकोले यो निर्वाचन परिणाम घोषणा गरिएको छ।

| क्र.सं. | उम्मेदवारको नाम | प्राप्त सदर मत | कैफियत |
|---|---|---|---|
| १. | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

उपरोक्त परिणाम अनुसार श्री ..............., श्री..............., श्री............... श्री................र श्री.............................. ले क्रमश:................,..........,.........,............, मत र ...................... मत प्राप्त गर्नु भई संचालक पदमा निर्वाचित हुनु भएको घोषणा गर्दछु।

दस्तखत :

निर्वाचन अधिकृत :

मिति : २०८१।.....।.....